गौरादह नगरपालिकाको आठौं नगर सभामा नगर प्रमुख श्री रोहित कुमार शाह द्वारा प्रस्तुत आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम

गौरादह नगरपालिकाको समृद्धिको आधार !
स्वास्थ्य, शिक्षा, कृषि र भौतिक पूर्वाधार !!

माननीय नगरसभा सदस्यज्यूहरु,
गौरादह नगरपालिकाको आठौ नगर सभामा नगरपालिकाको तर्फबाट तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन टक्रयाउन चाहन्छु ।नयाँ भेरीयन्टको कोभिड १९ को संक्रमणले आक्रन्त पारेको यस समयमा हामी नगर सभामा उपस्थित भएका छौ । यस संक्रमणका ज्यान गुमाउँनु भएका नगरवासीहरुको आत्माको चिर शान्तिको कामना गर्दछु, शोकामूल परिवारमा सम्वेदना व्यक्त गर्दछु साथै सम्पूर्ण संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।आम नगरवासीहरुमा स्वास्थ्य सुरक्षाका उपाएहरु अपनाई सुरक्षित रहन समेत आह्वान गर्दछु । अब म यस नगरपालिकाको आ.व. ०७८\०७९ को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१.दीर्घकालिन सोचः**

व्यापारिक,पर्यटकीय,शैक्षिक,व्यावसायिक,पर्यावरणीय तथा बसोबास योग्य हरित,आधुनिक स्मार्ट सिटीको रुप दिदै डिजिटल गौरादह निर्माण गर्दै यहाँका बासिन्दाहरुको जीवनस्तरमा गुणात्मक सुधार गर्ने र यसै नगरसभामा स्मार्ट सिटीको लागि विशेष प्रस्ताव पास गरि संघ तथा प्रदेश सरकारमा पेश गर्ने।

**२.लक्ष्यहरुः**

गौरादह नगरपालिकाको सर्वाङ्गीण सामाजिक,आर्थिक र पूर्वाधार विकास गरि नागरिकको आर्थिक सामाजिक स्तर उकास्दै गुणस्तरीय सेवा प्रवाह र सुशासनको माध्यमबाट नागरिकलाई घरदैलोमा सार्वजनिक सेवाको पहुँच पुर्याउदै संघीय लोकतान्त्रिक शासन व्यवस्थाको लाभ सम्पूर्ण नागरिकहरुमा विस्तार गर्न निम्न लक्ष्यहरु लिएका छौ ।

- कोरोना भाइरसको नियन्त्रण र रोकथामका लागि आवश्यक मेडिकल सामाग्री,स्रोत साधन र जनशक्ति उपलब्धताको सुनिश्चितता गर्ने,
- गौरादह नगरपालिकाको व्यवस्थित,वैज्ञानिक र वातावरणमैत्री शहरी विकासका लागि एकिकृत शहरी विकास नीति (IUDP) तर्जुमा गरिनेछ,
- नगर चक्रपथ निर्माण कार्यलाई निरन्तरता दिईनेछ,
- गौरादह नगरपालिका भित्रका रणनीतिक महत्वका सडकहरुको कालोपत्रे कार्यलाई निरन्तरता दिइनेछ,
- सरल,सर्वसुलभ,छिटो छरितो,मितव्ययी, भ्रष्ट्राचार रहित र फास्ट-ट्र्याकमा सार्वजनिक सेवा सहितको नगर स्थापना गर्ने नीति लिइनेछ,
- कृषि उत्पादनलाई बजार सम्म सहज पहुँचका लागि कृषि सडकको विकास र विस्तार गरिनेछ,
- सबैखाले विभेद,अन्याय,शोषण तथा हिंसाको नियन्त्रण तथा अन्त्य गरिनेछ,
- दैनिक तथा महत्वपूर्ण सूचनाहरु सबै नगरवासीहरुमा सहज पँहुचका लागि सूचनाको हक बमोजिम प्रत्याभूति गर्ने-गराउने नीति लिइनेछ,
- कृषि पर्यटनलाई प्राथमिकता दिई गौरादह नगरपालिकालाई आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ,
- नगरवासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,विभिन्न स्वास्थ्य शिविर लगायत अन्य कार्यक्रम सञ्चालन गरिनेछ,
- नगर प्रोफायल निर्माणका कार्यलाई भदौ बाट शुरुवात गरिनेछ,
- बिषयगत सहकारी संस्थाहरु मार्फत कृषिजन्य बस्तुहरुमा आत्मनिर्भर बनाइनेछ,
- बृक्षारोपण, वन तथा वातावरणको संरक्षण गर्दै नगरको दिगो विकास गरिनेछ,
- दिगो, उत्पादन र रोजगारी वृद्धि गर्ने दिर्घकालिन योजनाहरुलाई प्राथमिकता दिई ठेक्का प्रकृया मार्फत योजना सञ्चालन गरिनेछ,,
- गौरादह कृषि कार्यक्रमलाई प्रदेशको गौरवको योजना अगाडी वढाई कृषि प्राविधिकीकरण गर्ने,

**३.उद्देश्यहरुः**

- कोरोना संक्रमण समूदाय स्तरमा फैलिन नदिन समुदायमा जनचेतना र अभिमुखीकरण कार्यक्रम चलाउने,
- कोरोना भाइरसको संक्रमण न्यूनीकरण गर्न्दै व्यापार,व्यवसाय र अन्य औपचारिक र अनौपचारिक क्षेत्र क्रमिक रुपमा सञ्चालन गर्न नगरपालिकाले मापदण्ड निर्देशिका तयार गर्ने,
- दिगो भौतिक पूर्वाधारको विकास र सडक यातायात सुधार गर्ने,
- शिक्षा,स्वास्थ्य,सरसफाई,तालीम तथा मानवीय विकासका क्षेत्रमा लगानी वढाइ स्वरोजगारयुक्त, चेतनशील तथा स्वावलम्बी नागरिक निर्माण गर्ने,
- एकीकृत शहरी गुरुयोजना तयार गरि व्यवस्थित,सर्वसुविधा सम्पन्न र वातावरण मैत्री नगर निर्माणका लागि मार्ग प्रशस्त गर्ने,
- योजनाबद्ध विकासको अवधारणा अनुसरण गर्दै,सिमित स्रोत र साधनलाई प्रभावकारी र मितव्ययी विनियोजन मार्फत नतिजामुखी विकास कार्यमा केन्द्रित गर्ने,
- विकास व्यवस्थापन र सेवा प्रवाहका हरेक चरणमा सुशासन र पारदर्शिताको सुनिश्चितता गर्दै गौरादहलाई नमूना नगरपालिकाको रुपमा विकास गर्ने,
- लैङ्गिक समानता,न्यायपूर्ण,समाबेशी र प्रजातान्त्रिक संस्कारको विकास तथा प्रर्वद्धन गर्ने,
- नगरको मौलिक कला,संस्कृति र पहिचान तथा भौगोलिक सौन्दर्यको प्रबर्द्धन गर्दै पर्यटन विकास गर्ने,
- दिगो भौतिक पूर्वाधारको विकास र सडक यातायात सुधार गर्ने,
- सीप,तालिम,उद्यमशीलता,रोजगार,आयआर्जन,तथा आर्थिक विकासका गतिविधि वृद्धि गरी सम्वृद्धि एवम दिगो विकास तर्फ अग्रसर गराउने,
- शिक्षित र सिपयुक्त जनशक्तिको उत्पादन तथा विकास गराउने,
- समाजबाट सवै किसिमको जातिय,लैंगिक,धार्मिक,वर्गीय र भाषिक विभेदको अन्त्य गरि न्याय प्रधान र समतामूलक समाजको निमार्ण गर्ने,
- सामाजिक सुरक्षा र दिगो शान्तिको प्रर्वद्धन गरी भिन्न कार्यक्रम संचालन गर्ने,
- वन,वातावरण संरक्षण,फोहोर मैला व्यवस्थापनको ठोस योजना तयार गरी विपद व्यवस्थापनको तयारी अघि बढाउने,
- विपद् व्यवस्थापनलाई प्रभावकारी र सहभागितामूलक बनाई प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण गर्ने,
- महिला,पिछडिएका आदिवासी जनजाति,मधेसी,मूस्लिम,दलित र अल्पसंख्य समूदायलाई सिप विकास र क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रम सञ्चालन गरि आत्म निर्भर बनाउने,

- साविक महारानी हाल गौरादह वडा नं ४ र ५ को जग्गा दर्ता र धनिपूर्जा वितरण कार्य चालु आर्थिक वर्ष बाटै सुरु गरि आर्थिक वर्ष २०७८।०७९ सम्पन्न गर्न समन्वयात्मक भूमिका निर्वाह गरिनेछ,अन्य वडाहरुमा समेत जग्गाको नाप नक्सा सञ्चालन गरि सुकुम्बासीहरुलाई पुर्जा वितरण गर्ने,

- विकास व्यवस्थापन र सेवा प्रवाहका हरेक चरणमा सुशासन र पारदर्शिताको सुनिश्चिता गर्दै गौरादहलाई नमुना नगरपालिकाको रुपमा विकास गर्ने ।

## ४ रणनीतिहरुः

- कोरोना भाइरस संक्रमणको जोखिम न्यूनीकरण गर्दै व्यापार,व्यवसाय र औद्योगिक क्षेत्र सञ्चालन गर्न सवै क्षेत्र सँग समन्वय गरि गृहकार्य गर्ने,
- कोरोना भाइरस परीक्षणको दर र दायरा वृद्धि गर्न आवश्यक मेडिकल सामाग्री र परिक्षण किटहरु प्रदेश र संघ सरकार सँग समन्वय गरि खरिद गर्ने,
- नगरपालिकाको सवै वडाको प्रोफाइल बनाई तथ्यांक तयार गर्ने र त्यसलाई अध्यावधिक गर्ने र सो अनुरुप सुचकमा आधारित कार्यक्रमहरु तयार गरी कार्यान्वयन तथा अनुगमन गर्ने
- योजनावद्ध शहरी विकास योजना (IUDP) तथा भवन निर्माण विभाग सँग समन्वय गरि कार्यक्रम अघि वढाउने,
- पर्यावरण संवेदनशील पर्यटन विकासको रणनीति अवलम्बन गर्ने,
- पर्यटन लक्षित भौतिक पूर्वाधार निर्माणमा नगरपालिकाले सहजीकरण, समन्वय र प्रोत्साहन गर्ने,
- गौरादहलाई शिक्षामा अग्रणी नगरपालिकाको रुपमा विकास गर्न विशेष कार्यक्रमहरु सञ्चालन गर्ने,

- गौरादहका नागरिकहरुको स्वास्थ्यको अवस्था सुधार गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने,
- गौरादह नगर क्षेत्रको हरेक घरमा स्वच्छ खानेपानीको सुविधा पुऱ्याउने,
- तालिम, सशक्तीकरण,क्षमताविकास जस्ता मानवीय विकासको क्षेत्रमा लगानी वढाइ मानवीय पूँजी निर्माण गर्ने,
- योजनाहरुको प्राथमिकीकरण गरि साना,ठूला र नतिजामुखी कार्यक्रमहरुको वर्गीकरण गरि सञ्चालनमा ल्याउने,
- सम्पूर्ण नागरिकहरु तथा परिवारहरुको अभिलेख स्थापना गरी, सबैको विकास तथा गरिवी सम्बद्ध सूचकहरु एकीकृत गरी लक्षित विकास कार्यक्रमहरु सञ्चालन गर्ने,
- नगरपालिका तथा नागरिक सम्बन्ध सुमधुर बनाउन नगरपालिकालाई सेवाग्राही मैत्री निकायको रुपमा विकास गर्ने,
- विकास व्यवस्थापन र सेवाप्रवाहमा हुन सक्ने अनियमितता र भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिने,
- विकास तथा सेवाप्रवाहको सन्दर्भमा बञ्चितीकरणमा परेका वर्ग र समुदायको विशेष संरक्षण,सरोकारवालाहरुको सम्बोधन तथा उचित प्रतिनिधित्व र सुनुवाइ संयन्त्रको विकास गर्ने,
- भूमि समस्या समाधान आयोग मार्फत भूमिहिन सुकुम्बासी,भुमिहिन दलित र अव्यवस्थित वसोवासीका लागि नेपाल सरकारको नीति अनुरुप जग्गाको धनीपूर्जा उपलब्ध गराउने सम्वन्धि भइरहेको कार्यलाई निरन्तरता दिदै सो का लागि वित्तिय प्रवन्ध मिलाउने,
- नगरपालिका क्षेत्रभित्र रहेका ऐलानी जग्गाहरुको नाप नक्सांकन गरि आवश्यक व्यवस्थापन गर्ने,
- औद्योगिक ग्राम निर्माणका लागि आवश्यक जग्गा उपलब्ध गराउने कार्य थालनी गर्ने ।

**<u>५. अपेक्षित उपलब्धीहरु:</u>**

- कोरोना भाइरसको प्रभावकारी रोकथाम तथा नियन्त्रण भई जनजीवन सामान्य अवस्थामा पुगेका हुनेछ,
- नगर क्षेत्रका कच्ची बाटाहरु ग्राभेल बाटामा परिणत प्रत्येक वडाका रणनीतिक सडकहरु कालोपत्रे भईसकेको हुनेछ,
- नगरपालिकाले दिनुपर्ने सेवा-सुविधा सरल सहज हुनेछ,
- आगामी २ बर्ष भित्रमा नगरपालिकाका सम्पूर्ण मापदण्डहरु पूरा गरी समुन्नत र समृद्ध नगर निमार्णको कार्य सम्पन्न गर्दै आधुनिक स्मार्ट सिटी निर्माणको आधार तयार भइसकेको हुनेछ,
- नगरपालिकाको मुख्य कार्यालय भवन र वडा कार्यालयहरुको निर्माण सम्पन्न भई नँया भवनहरु समेतबाट प्रभावकारी सेवा प्रवाह गरिरहेको हुनेछ,
- नगर क्षेत्रका धर्म,संस्कृति तथा भाषा,कलाहरुको संरक्षण गरिसकेको हुनेछ,
- फुसको छाना भएका घरहरु टिनको छाना भएको घरमा परिणत भइसकेको हुनेछ,
- नगरले वर्षै पिच्छे कृषकहरुलाई अनुदान तथा सहुलियत कार्यक्रम प्रदान गरि कृषि क्षेत्रमा व्यापक आधुनिकीकरण तथा यान्त्रिकीकरण भईसकेको हुनेछ,
- सबैखाले विभेद,अन्याय,शोषण तथा हिंसाको नियन्त्रणमा उल्लेखिय प्रगति भएको हुनेछ,
- आगामी आ.व.२०७८/०७९ को अन्त सम्ममा स्थानीय सरकारको अनुभूति दिई नगरपालिकाले जनतालाई उपलब्ध गराउनुपर्ने सेवा सुविधा पारदर्शी,प्रभावकारी र सर्व सुलभ तरिकाले दिएको हुनेछ,

६. आदरणीय नगर सभा सदस्यज्यूहरु , आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले लिएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शन यस प्रकार रहेका छन्

- नेपालको संविधानले निर्देशित गरेका स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकताका आधारहरु,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को नीतिगत व्यवस्था र प्राथमिकता तथा सन्तुलनका आधारहरु,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था,
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु,
- नेपाल सरकार अर्थ मन्त्रालयवाट समानीकरण अनुदान र राजश्व बाडफाँडको सिलिङ्ग सहितको मार्गदर्शन,
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानून तथा मापदण्डहरु,
- संघीय सरकार र प्रदेश तहबाट प्राप्त अन्य मार्गदर्शन एवम् निर्देशन तथा सुझावहरु,

- पन्ध्रौ योजनाले निर्दिष्ट गरेका लक्ष्य एवम् उद्देश्यहरु,
- जनता सँग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरु ।

## ७. क्षेत्रगत नीति,कार्यक्रम तथा आधारहरु:-

आदरणीय नगरसभा सदस्यज्यूहरु,हामीले आगामी आर्थिक बर्षको लागि प्रस्ताव गरेको नीति,योजना,कार्यक्रम जहा कोरोना रोकथाम तथा नियन्त्रण, भौतिक पूर्वाधार विकास,कृषि,सहकारी तथा आर्थिक विकास,सामाजिक विकास,वातावरण तथा विपद् व्यवस्थापन आदिलाई क्रमश उच्च प्राथमिकता दिएका छौ र सो को तपशिल वमोजिम पेश गर्दछु ।

### क) भौतिक पूर्वाधार विकास

#### १. सडक,यातायात एंव आवास:-

- नगरको स्वामित्वमा भएका सडक,सार्वजनिक भवन,पुल लगायतका भौतिक संरचनाहरुको मर्मत सम्भारका लागि रकम छुट्याई नियमित मर्मत सम्भार गरिनेछ,
- नगरपालिका भित्र लागत सहभागितामा इन्टरलक टायलको व्यवस्था गरिनेछ,
- वडा तथा नगरबाट निर्माण गरिने कल्भर्टहरु कम्तीमा ६ मिटरको हुने गरी अनिवार्य रुपमा निर्माण गरिनेछ,
- अधुरो कल्भर्ट तथा पुलहरुलाई र ज्येष्ठ नागरिक चौतारा,समाधि तथा अन्त्येष्टि स्थल,सार्वजनिक शौचालय,हाटबजार र नगर गौरवका योजनाहरु,बसपार्क,नगर चक्रपथ जस्ता महत्वपूर्ण योजनाहरुलाई प्राथमिकताका साथ अगाडि वढाईनेछ,
- सवै सडकहरुको क्षेत्राधिकार निर्धारणका लागि MTMP तयार गरि पौष को नगर सभामा पेश गरिनेछ,
- मेयर-उपमेयर विपन्न वर्ग आवास योजना सञ्चालन गरिनेछ,
- कच्ची माटाका बाटोहरु सबै ग्राभेल गरिनेछ,
- वि.पि-मदन गरिब साझेदारी आवास योजना सञ्चालन गरिनेछ ।

#### २.शहरी तथा ग्रामिण पूर्वाधार :

- नगरपालिका भवन निर्माण सम्पन्न गरि नँया भवनबाट समेत सेवा विस्तार गरिनेछ ,
- **वडा कार्यालयहरुमा कम्पाउण्ड वालको निर्माण नगर र वडाको साझेदारीमा गरिनेछ,**
- कलभर्ट,पुल,ड्रेन,सामुदायिक भवन,बजारहरुको उचित व्यवस्थापन गरिनेछ,
- घर नक्सा पास प्रकृयालाई अझै सरलीकृत गरि व्यवस्थित वसोवासलाई मध्य नजर गरि नँया निर्माण हुने भवनहरुलाई अनिवार्यताका साथ नक्सा पास प्रावधान लागु गरिनेछ,
- ग्वालडुब्बा,वैगुन्धुरा,झमकचोक९,दुधाली,कोहवरा,बैराती,बालुवथान,डोरामारी,दामुना,स्कूलचौन,चप्रामारी,फकिरढिप,गौरादह बजारलाई थप व्यवस्थित वनाईनेछ,
- नगरको एकीकृत शहरी विकास आयोजना अगाडि वढाइनेछ,
- डिजिटल नगर प्रोफायल तयार गरिनेछ,
- प्रत्येक वडामा वालवालिकाको लागि पार्कका लागि नि:शूल्क जग्गा खोजि गरि वाल उद्यान निर्माण गरिनेछ,
- नगरका पाँचवटा हाटबजारहरुमा खुल्ला फिटनेस सेन्टरको कार्य अगाडि वढाईनेछ,
- गौरादह नगरपालिकाको आन्तरिक आय वृद्धिका निमित्त हाट बजारहरुमा सपिङ कम्पेलक्स निर्माणका लागि डि.पी.आर.तयार गरिनेछ,
- लागत सहभागिताका योजनाहरु नगर र वडाहरुबाट सञ्चालन गरिनेछ,
- ग्वालडुब्बा पूर्व कृष्णे खोलामा अन्त्येष्टि स्थल वारि र पारी निर्माणको प्रकृया अगाडि वढाइनेछ,
- गौरादह वडा नं.१ स्थित जनता माध्यमिक विद्यालयमा सञ्चालित प्राविधिक कक्षाका लागि पूर्वाधार विकासको निमित्त संघ र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ,
- सार्वजनिक जग्गा जमिन,अन्त्येष्टि स्थल,समाधि स्थल,पाटी पौवा,पोखरी,गौचरन लगायतका सार्वजनिक जमिनहरुको संरक्षण कार्यलाई अगाडि वढाइनेछ,

- संघ,प्रदेश बाट प्राप्त हुने पूर्वाधार निर्माण सम्बन्धी अनुदानका कार्यक्रमहरु नगरपालिका तथा नगर क्षेत्रका संघ संस्थाको नाँउमा तथा सार्वजनिक संस्थाहरुको नाममा धनीपूर्जा प्राप्त जग्गाहरुमा मात्र सञ्चालन गरिनेछ,
- दामुना बजारमा प्राप्त भएको जग्गामा व्यवस्थित बसपार्क निर्माणका निमित्त डि.पि.आर.तथा आवश्यक बजेटका निमित्त सघन शहरी विकास परियोजनामा आवश्यक पहल तथा माग गरिनेछ,
- जन सहभागितामा आधारित योजनालाई प्राथमिकता दिदा न्यूनतम १५ देखि ४० प्रतिशत सम्म जनसहभागिता भएका योजनालाई प्राथमिकता दिइनेछ,
- अवैध रुपमा गरिने भवन निर्माण नियन्त्रण गरिनेछ ।

### ३.पर्यटन

- गौरादह पोखरीको डि.पि.आर.तयार भईसकेको हुँदा पूर्वाधार विकासको निम्ति साझेदारीमा प्रदेश तथा संघिय सरकार सँग पहल गरिनेछ,
- गौरादह वडा नं.९ स्थित रहेको हात्ती डुब्बा सिमसारलाई पर्यटन क्षेत्रको रुपमा चिनाउन संघ,प्रदेश सरकार र निजी क्षेत्र सँग आवश्यक पहल गरिनेछ,
- गौरादहको पहिचानको लागि ढाका,झल्ला,अचार,दुग्ध परिकार व्यवसायलाई प्रर्वद्धन गरिनेछ ।

### ४.उर्जा

- ग्रामिण विद्युतीकरणमा जोड दिइनेछ,
- नवीकरणीय उर्जा(सौर्य,गोबर ग्यास जस्ता) को प्रयोगलाई प्रोत्साहन र प्रर्वद्धन गरिनेछ,
- कालो विजुलीको तार विस्तारका लागि नेपाल विद्युत प्राधिकरण सँग पहल गरिनेछ,
- सडक वत्तीको व्यवस्था गरिनेछ,
- परम्परागत उर्जाका स्रोतहरु जस्तो दाउरा,गुइठा आदिको प्रयोगलाई न्यूनीकरण गरिनेछ ।

**ख) कृषि तथा पशुपन्छीः-**

- सवै साना तथा मझौला कृषि तथा घरेलु उद्योगलाई सहकारीमा आवद्ध हुन प्रोत्साहन गरिनेछ ।
- कृषि तथा सहकारी मन्त्रालय र नगरपालिकाको साझेदारीमा मत्स्य यान्त्रीकरण कार्यक्रम सञ्चालन गरिनेछ,
- आवश्यकता अनुसार भुमिगत सिचाई स्यालो तथा डिप ट्युव वेलको व्यवस्था गरिनेछ,
- कृषि पेशालाई मर्यादित बनाउन मेयर/उप-मेयर उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ,
- कृषि औजार,मल,बिऊ,प्रविधि एउटै छानामुनि उपलब्ध गराउने तथा कृषि उपज थोक बजारको व्यवस्था मिलाउने साथै स्कूलचौन,दामुना,बालुवथान,चप्रामारी,वैगुन्धुरा,ग्वालडुब्बालाई कृषि बजारका रुपमा विकास गरिनेछ,
- नगरलाई माछा, मासु तथा दूधमा आत्मानिर्भर बनाउन माछापालन,हाँस,कुखुरापालन, बाख्रापालन,बङ्गुर,गाई भैसीं पालन आदिको क्षेत्र पहिचान तथा व्यवस्थापन गरिनेछ,
- नगर भित्र रहेका फलफूल तथा तरकारी बजार (गुद्रीबजार) लाई व्यवस्थित गरिनेछ,
- भुमि वैंकको स्थापनाका लागि संघ र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ,
- प्रत्येक वडामा १ वटाका दरले मासु पसल सुधारको निमित्त लागत सहभागिता ५० प्रतिशत अनुदान दिईनेछ,
- लोकल कुखुरापालन गर्न व्यवसाय फर्म/निजी क्षेत्र/कृषकहरुलाई अनुदान उपलब्ध गराइनेछ,
- १००० संख्या भन्दा माथि लेयर कुखुरा पाल्ने कृषक,फर्म, निजी व्यवसायी तथा समुहलाई औषधी तथा फिडर डिंकर र तारजालीमा केही रकम अनुदान उपलब्ध गराईनेछ,
- बाख्रापालन,कृषकहरुलाई गोठ सुधारका निमित्त केही अनुदान प्रदान गरिनेछ,
- नगरभित्र एक आधुनिक पशु बधशाला निर्माणका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरि (मासु बजार) स्थापना गर्न पहल गरिनेछ,
- जाइका नेपाल (JICA) द्वारा संचालित कन्काई सिचाई आयोजनाको कृषि कार्यक्रमलाई बजेटको व्यवस्था गरि अगाडि वढाइनेछ,
- गौरादह २ मा रहेको कृषि थोक बजारलाई थप व्यवस्थित रुपमा सञ्चालनमा ल्याइनेछ,

- किसानहरुले गरेको उत्पादनको आधारमा अनुदान कार्यक्रम ल्याइनेछ
- विपन्न तथा भूमिहीन किसानलाई नदी उकास जग्गा तथा आफै खेती नगर्ने जग्गा धनीहरुको जग्गा भाडामा लिएर व्यवसायिक कृषि कार्यका लागि प्रोत्साहन गरिनेछ,
- बाली, पशु तथा मत्स्य विमा सचेतना कार्यक्रम सञ्चालनमा ल्याइनेछ,
- तरकारी तथा वगर खेति कार्यक्रमलाई प्रोत्साहन गरिनेछ,
- कृषकहरुलाई धान,मकै तथा माछापालन र तरकारी खेति आदिका लागि तालिमहरु सञ्चालन गरिनेछ,
- नगर तथा वडाबाट सञ्चालन हुने सवै किसिमका कृषि तथा पशु सम्बन्धि सवै किसिमका कार्यक्रमलाई ५० प्रतिशत लागत सहभागितामा सञ्चालन गरिनेछ,
- सामुदायिक कुकुर वन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ,
- सम्पूर्ण कृषकहरुको लागि माटो परिक्षण तथा तालिम कार्यक्रम गौरादह कृषि क्याम्पस र पूर्वाञ्चल कृषि क्याम्पस(दुवै क्याम्पस)मा सञ्चालनमा रहेको माटो परीक्षण प्रयोगशाला मार्फत निःशूल्क माटो परीक्षणको व्यवस्था मिलाईनेछ र यसका लागि दुवै क्याम्पसलाई अनुदान रकम उपलब्ध गराईनेछ,
- प्रत्येक वडामा कृषि तथा पशुपालन सेवा केन्द्रका लागि निशूल्क जग्गाको खोजी कार्यलाई अगाडि वढाइनेछ,
- दामुना पशु वजारलाई व्यवस्थापन गरिनेछ,
- प्रत्येक वडामा कृषि र पशु प्राविधिकको व्यवस्था गरिनेछ,
- नगरवासीहरुलाई पायक पर्ने एउटा विद्यालयमा डिप्लोमा इन फार्मेसी,ओभर सियर,अमिन,पशु सेवा जस्ता प्राविधिक शिक्षाका लागि लागि सिटीइ भिटी सँग आवश्यक पहल गरिनेछ,
- वडागत रुपमा पोखरीको लगत लिई माछाका भुर्राहरु अनुदानमा वितरण गरिनेछ,
- सवै वडाहरुबाट उत्कृष्ट कृषक छनौट गरि कृषि भ्रमण तथा अवलोकन गराइनेछ,
- हरित नगरपालिकाका लागि १ नर्सरीको व्यवस्था गरिनेछ,
- सम्भावित भएको वडाहरुमा तरकारी,आलु,तेलहन पकेट क्षेत्र विस्तार गरिनेछ,
- सवै कृषकहरुलाई नगर तथा वडाबाट त्रिपाल अनुदान कार्यक्रम अगाडि वढाईनेछ,
- ड्रायर मेसिन सवै वडाहरुका लागि प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना,कृषि ज्ञान केन्द्र,संघीय र प्रदेश कृषि मन्त्रालय सँग नगरपालिकाबाट आवश्यक पहल गरिनेछ,
- धनकुटा वहुमुखी क्याम्पसको नाममा गौरादह ९ वैगुन्धुरा स्थित रहेको जग्गामा भेटनरी टिचिङ हस्पिटलका लागि उक्त क्याम्पस र त्रिभुवन विश्व विद्यालय सँग आवश्यक पहल तथा समन्वय गरिनेछ,
- कोरोनाबाट पिडित परिवारलाई तालिम तथा कृषि मेसिनरी औजार वितरण अनुदानमा प्राथमिकता दिईनेछ,
- कस्टम हायरिङ सेन्टरका लागि आवश्यक बजेटको व्यवस्थाका लागि संघ,प्रदेश सँग पहल गरिनेछ,
- स-साना शित भण्डार निर्माण कार्यलाई प्रोत्साहन गरिनेछ,
- ५ र ६ नं वडाको रतुवा नदीको वगर खेती,तरकारी, मकै पशुपालनको निमित्त उक्त क्षेत्रलाई पकेट क्षेत्रको रुपमा कृषकहरुको लागत साझेदारीमा कार्यक्रम लागु गरिनेछ ।

**ग) सहकारी तथा लघु उद्यमः-**

- गौरादहको समग्र विकासमा निजी–सहकारी क्षेत्रलाई सहभागी गराउन प्रोत्साहित गरिनेछ,
- चिउरा उद्योग, डायर मेसिन जस्ता कृषि जन्य उद्योग तथा लघु उद्योगलाई प्रर्वद्धन एंव प्रोत्साहन गरिनेछ,
- कृषक एंव लघु उद्यमीहरु द्धारा उत्पादित वस्तुलाई बजारीकरण, प्रर्वद्धन एंव प्रोत्साहन गर्न १ कोसेली घरको व्यवस्था गरिनेछ,
- कृषि सहकारी संस्था,व्यवसायिक फर्म र निजी क्षेत्र मार्फत कृषि यान्त्रिकिरणको कार्यलाई अगाडि वढाइनेछ,
- सहकारी संस्थाहरुलाई प्रभावकारी बनाउन उद्देश्य अनुरुप सञ्चालनमा ल्याई नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने गरी नियमन गरिनेछ ।

**घ) रोजगार प्रर्वद्धनः-**

- गाउमै रोजगार गर्वको आधार नामक कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारबाट फर्केका युवा,कोभिड-१९ बाट संक्रमित न्युन आय भएका एंव सुकुम्बासी परिवारलाई यस कार्यक्रमबाट उद्यम सञ्चालनमा तालिम तथा विशेष सुविधा उपलब्ध गराईनेछ
- नगर क्षेत्र भित्रका वेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध गरि न्यूनतम रोजगारी सृजना गरिनेछ,
- सिपमुलक कार्यक्रमहरुको आवश्यकता पहिचान, रोजगार सम्भाव्यता अध्ययन, रोजगारदाता तथा सम्बन्धित निकायहरुबिच समन्वय तथा सहकार्य, युवा उद्यमशिलता कर्जा प्रवाह, उद्यम बिकासका कार्यक्रम लगायत कार्यक्रमहरु सन्चालनका लागि नगरपालिकाले थप बजेटको व्यवस्था गर्नेछ,
- संघ,प्रदेश र स्थानीय तहबाट सञ्चालन गरीने सिपमुलक तालिम,रोजगारमुखी तथा स्वरोजगार कार्यक्रमहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत भएका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिइने छ साथै यस्ता कार्यक्रम रोजगार सेवा केन्द्रद्वारा सन्चालन गरिने छ,
- आ.ब ०७८/०७९ देखि संघीय सरकारबाट स्थानीय रोजगार रणनीति तर्जुमा गर्न प्राप्त हुने क्रमागत बजेट र यस नगरपालिकाको सहयोगबाट दिर्घकालिन स्थानीय रोजगार रणनीति तर्जुमा गर्ने र सोको प्रभावकारी कार्यान्वयन गरि गरिबी निवारण गर्न पहल गरिनेछ ।

**ङ) सामाजिक विकासः-**

### १) शिक्षा,युवा तथा खेलकुद

- सुसंस्कृत नागरिक र समृद्ध समाज निर्माण गरी शैक्षिक पहूँचलाई सर्वसुलभ तथा गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै अनिवार्य प्राथमिक शिक्षाको लागि अनुकूल शिक्षण सिकाई वातावरण तयार गर्दै लगिनेछ,
- विद्यार्थीहरुलाई अनुशासित,नैतिक गुण सम्पन्न नागरिकका रुपमा तयार गर्न विद्यालय अनुगमन निरिक्षणलाई प्रभावकारी बनाउँदै शिक्षक सक्षमता विकासका लागि पूर्वाधार तयार गरी गुणस्तरीय शिक्षामा जोड दिइनेछ,
- बाल विकास शिक्षालाई सामाजिकीकरणको पूर्वाधारका रुपमा स्थापित गर्दै प्राथमिक तहलाई आधारभूत गुणस्तरीय शैक्षिक पूर्वाधारको रुपमा विकास गरी दिवा खाजा व्यवस्थापन तथा बाल शिक्षकको सीप विकास गरिनेछ,
- अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाका लागि भर्ना अभियान,अतिरिक्त कक्षा संचालन,विद्यार्थी सहयोग जस्ता पक्षमा प्रोत्साहन तथा सहयोगमा आधारित कार्यक्रम संचालन गरिनेछ,
- धार्मिक विद्यालयहरुलाई शैक्षिक मूलप्रवाहमा समाहीकरण गर्नुका साथै त्यस्ता विद्यालयको भौतिक तथा शैक्षिक सुधार गर्ने नीति अवलम्बन गरिनेछ,
- फरक क्षमता भएका (अपाङ्गता) सामुदायिक तथा संस्थागत विद्यालयका बालबालिकाहरुका लागि अपाङ्गता मैत्री भौतिक पूर्वाधार निर्माण गर्ने तथा अन्य सहयोग सम्बन्धि सुधारको नीति अवलम्बन गरिनेछ,
- नगरमा संचालित क्याम्पसहरुलाई संघीय तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी आवश्यक सहयोग गर्ने नीति अवलम्बन गर्दै लगिनेछ,
- अभिभावक विहीनभई अभिभावकत्व गुमाएका बालबालिकाहरुलाई शैक्षिक पहूँच बनाई राख्न संरक्षकत्वको व्यवस्था मिलाउन पहल गरिनेछ,
- सामूदायिक विद्यालयका न्यून वेतन भोगि बाल शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारले तोके बमोजिम सुविधा प्रदान गर्न आवश्यक थप बजेट व्यवस्थापन गरिनेछ,
- नगरभित्र मेयर/उपमेयर कप क्रिकेट तथा अन्य खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ,
- वैकल्पिक माध्यमबाट शिक्षण सिकाइलाई प्रभावकारी वनाउन शिक्षकहरुको लागि कम्प्युटर तालिमको व्यवस्था गरिनेछ,
- मातृभाषामा शिक्षा तथा स्थानीय पाठ्यक्रम विकासमा जोड दिइनेछ,
- प्रत्येक वडाको सामुदायिक विद्यालय मा.वि.स्तरमा अध्ययन गर्ने विद्यार्थीको एस.ई.ई.को नतिजामा गुणस्तर अभिवृद्धि गर्न अंग्रेजी,गणित,विज्ञान जस्ता विषयमा कम्तीमा दुई महिना सम्म निःशूल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालनको व्यवस्था मिलाईनेछ र दरवन्दी काटिएका विद्यालयहरुमा कक्षागत शिक्षक व्यवस्थापन गरिनेछ,
- नगरपालिका क्षेत्रका दलित महिला अपाङ्गता परिचय पत्र प्राप्त विद्यार्थीको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्न मेयर-उपमेयर छात्रवृति कार्यक्रम सञ्चालनमा ल्याईनेछ,
- नगरभित्रका सामुदायिक विद्यालयका खेल मैदानलाई व्यवस्थित गरिनेछ,

- सामुदायिक विद्यालयमा यस नगरपालिका क्षेत्रबाट एस.इ.ई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने एक जना छात्र र एक जना छात्रालाई ब्रान्डेड ल्यापटप सहित सम्मान गरिने व्यवस्था मिलाईनेछ,
- सामुदायिक विद्यालयमा कक्षा ८ बाट नगरपालिका क्षेत्रबाट उत्कृष्ट अंक ल्याउने एक जना छात्र र एक जना छात्रालाई नगद रकम सहित सम्मान गरिनेछ,
- गौरादहको शिक्षाको आधार वाल विकास कक्षाको समुचित पूर्वाधार वाल शिक्षा नै शिक्षाको जग भएकोले सवै विद्यालयहरुमा वाल कक्षाको पूर्वाधार वाल मैत्री र प्रविधि मैत्री वनाईनेछ
- विद्यालयहरुमा लागु पदार्थ तथा दुव्र्यशनी विरुद्धका अभियान सञ्चालन गरिनेछ,
- विद्यालयस्तरका जुनियर रेडक्रस सोसाइटी,बाल क्लब र स्काउटलाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ,
- साविक गाविस भित्र कम्तिमा एउटा पर्ने गरि नमुना विद्यालयको व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाइनेछ,
- केही अवधारणाहरुलाई यसरी आत्मसाथ गरिनेछ ।

क.सिकाइको न्यानो स्पर्श-सरोकारवाला सवैलाई मनोपरामर्श

ख. गौरादह विकासको आधार-प्राविधिक शिक्षाको सुधार

ग. गौरादहका छोरी वुहारी-निःशूल्क लोकसेवा तयारी

**२) स्वास्थ्यः-**

- पूर्ण पोषणयुक्त नगर/वडा अभियान, सुनौलो एक हजार दिन तथा महिला/वालवालिका लक्षित कार्यक्रम संचालन गरिनेछ,
- पूर्ण संस्थागत सुत्केरी नगरपालिका कार्यक्रम संचालन गरिनेछ,
- पूर्ण खोपयुक्त नगरक्षेत्रको कार्यक्रमलाई निरन्तरता दिईनेछ,
- महिला तथा ज्येष्ठ नागरिकहरुको सम्मानमा मुटु,हाइड्रोसिल,मोतिविन्दु,हाडजोर्नी तथा नाक-कान,घाटी क्यान्सर अल्जाइमर, पाठेघर खस्ने,छाला,फिस्टुला, स्तन क्यान्सर यु.एस.जी.गाइड एफ.एन.ए.सी मनोसामाजिक परामर्श आदि रोगको उपचारको लागि/उपचारात्क सेवाप्रदान गर्नका लागि गौरादह, स्कूलचौन ,दामुना,जुरोपानी र वैगुन्धुरामा रोग विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ,
- ग र घ वर्ग अपाङ्ग तथा असक्त र असहायहरुका लागि एक पटक निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- डेंगु,मलेरिया जस्ता आपतकालिन व्यवस्थापन,सचेतना कार्यक्रम तथा उपचार तथा किटनाशक औषधि छिट्काउ कार्यक्रम संचालन गरिनेछ,
- सवै वडाहरुमा नसर्ने रोगहरु (उच्च रक्तचाप, मधुमेह,मानसिक स्वास्थ्य सम्वन्धि स्वास्थ्य सेवा प्रत्येक टोल तथा वस्तीहरुमा संचालन गरिनेछ,
- गर्भवती महिला र बच्चाको नियमित स्वास्थ्य परीक्षण,उपचार,पोषण र संरक्षण गरिनेछ,
- सुर्तिजन्य पदार्थमा नियन्त्रण गर्न घरेलु मदिरा उत्पादन र विक्री वितरण लाई प्रभावकारी रुपमा अनुगमन गरी नियन्त्रण गरिनेछ,
- सुत्केरी महिलाहरुलाई २ सन्तान सम्म जन्मदा रु २,०००।-पोषण खर्च दिइने कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- लागु औषध तथा दुव्र्यसनी नियन्त्रण गर्न खोलिएका पुनरुथापना केन्द्रहरुलाई नीतिगत तथा आर्थिक सहयोग प्रदान गरिनेछ,
- संघीय सरकारको अनुदानबाट यस नगरपालिकामा वन्ने नगर अस्पतालको लागि निशुल्क रुपमा दाताहरुबाट प्राप्त भएको जग्गा रजिस्ट्रेशन पास गर्ने प्रकृया अगाडि वढाइनेछ,
- नगर अस्पतालका लागि डि.पि.आर.तयार गरि अस्पताल निर्माण प्रकृया अगाडि वढाईनेछ,
- गौरादह स्वास्थ्य चौकीको स्तरोन्नति भई नगर अस्पताल भई सकेको हुँदा हाल जनताको आवश्यकता,कोभिड महामारीको संक्रमणले गर्दा स्वास्थ्य विमाका लागि रेफर गर्नु पर्ने भएको हुँदा १(एक)जना एम.वि.वि.एस डाक्टर,१(एक) जना रेडियो ग्राफर, २(दुई) जना स्टाफ नर्सको व्यवस्था गरिनेछ,
- पाँच (५) वटा वर्थिङ सेन्टर सञ्चालनमा ल्याईनेछ,

- विपन्न नागरिक उपचार सहायता कोष अनुसार सिफारिस भएकाहरु मध्ये स्वास्थ्य मन्त्रालयबाट तोकेको मापदण्ड अनुसारका विरामीलाई एक पटक यातायात खर्च सहयोग स्वरुप रु ५००० (पाँच हजार) उपलब्ध गराईनेछ,
- निर्माणाधिन अवस्थामा रहेका स्वास्थ्य चौकीहरुको निर्माण कार्य सम्पन्न गरि सञ्चालनमा ल्याईनेछ,
- सवै वडामा आर्थिक रुपले विपन्न वर्गका दीर्घ रोगीका विरामीहरुलाई लागत सहभागितामा स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा ल्याईनेछ,
- अधुरा रहेका खोप केन्द्रहरुलाई सञ्चालनमा ल्याईनेछ,
- प्रत्येक वडाका आधारभूत स्वास्थ्य केन्द्रमा ल्याबको व्यवस्था गरिनेछ,
- गौरादह नगर अस्पतालमा एरोलाइजर मेसिनको व्यवस्था गरिनेछ,
- गौरादहमा आयुर्वेद स्वास्थ्य केन्द्रका लागि जग्गा प्राप्ति प्रकृया अगाडि वढाईनेछ र यसै आर्थिक वर्ष देखि गौरादहमा आयुर्वेद स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइनेछ,
- कोभिड रोकथाम तथा नियन्त्रणका लागि संक्रमितहरुको रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न आयूर्वेद चिकित्सा सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ,
- प्रत्येक वडामा आरोग्य नागरिक कार्यक्रम सञ्चालन गरिनेछ,
- सवै वडाहरुमा योग कार्यक्रम शिविर सञ्चालन गरिनेछ,
- वडाको स्वास्थ्य चौकीहरुबाट निःशूल्क रेविज भ्याक्सिन नगरवासीलाई उपलब्ध गराईनेछ,
- गौरादह नगर अस्पतालमा टेलि मेडिसिन,मुटु तथा किड्नी रोगको रगत जाँचका लागि वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत अन्य सरकारी तथा गैर सरकारी स्वास्थ्य संस्थाहरु सँग कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ,
- कोभिड-१९ को महामारी लाई मध्यनजर गरि १ थान डिजिटल एक्सरे मेसिन नगर अस्पतालका लागि व्यवस्था गरिनेछ,
- स्वस्थ्य आमा स्वस्थ्य वच्चा अभियान सञ्चालनमा ल्याईनेछ र यो अभियान कार्यान्वयन गर्न गर्भवती भएको १६ हप्ता देखि सुत्केरी भएको ६ हप्ता सम्मका सम्पूर्ण गर्भवती एंव सुत्केरी महिलाहरुलाई सम्बन्धित स्वास्थ्य संस्था मार्फत नै निःशूल्क क्याल्सियम तथा आइरन चक्कीको व्यवस्था मिलाईनेछ,
- कोभिड-१९ महामारीको संक्रमणलाई रोकथाम तथा नियन्त्रणका लागि अस्थायी कोभिड अस्पताल क्षमता विस्तार गर्दै अग्र पङ्तिका (फ्रन्ट लाईन) स्वास्थ्यकर्मीहरुको मनोबल उच्च पार्न एंव कोभिड-१९ संक्रमित विरामीहरुको लागि देहाय बमोजिमको प्याकेज तथा कार्यक्रम सञ्चालनमा ल्याईनेछ,

क) जुरोपानी स्वास्थ्य चौकी,ग्वालडुब्बाको परिसरमा सञ्चालित अस्थायी कोभिड अस्पतालमा कार्यरत चिकित्सक,स्वास्थ्य कर्मी, कार्यालय सहयोगीलाई मासिक तलबको ५० प्रतिशत जोखिम भत्ता प्रदान गरिनेछ ।

ख) नगरपालिका भित्रका सवै स्वास्थ्य संस्थामा फिभर क्लिनिक सञ्चालनमा ल्याईनेछ र यसमा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहन उपलब्ध गराईनेछ ।

- कोभिड-१९ संक्रमण पुष्टि भई होम आइसोलेसनमा वसेका विरामीहरुलाई चिकित्सकको सिफारिसमा तोकिएको स्वास्थ्य कर्मी मार्फत घरमा गई औषधीको प्याकेज उपलब्ध गराईने व्यवस्था मिलाईनेछ,
- होम आइसोलेसनमा बसेका कोभिड-१९ संक्रमित विरामीलाई समेत घर घरमा औषधि तथा पोषण सुविधा स्वास्थ्य केन्द्रहरु मार्फत उपलब्ध गराईनेछ,
- अस्थायी कोभिड अस्पतालमा उपचार हुन नसकी अन्यत्र स्वास्थ्य संस्थामा रेफर गरिएका विरामीलाई झापा,मोरंग र सुनसरी का अस्पताल सम्म पुर्याउन निःशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ,
- नगरपालिकाको कोभिड अस्पतालमा भर्ना भएका संक्रमित विरामीलाई नगरपालिकाको तर्फबाट निःशूल्क खाना उपलब्ध गराईनेछ,
- नगरपालिका भित्रका सवै स्वास्थ्य संस्थाहरुमा विरामीको ब्लड प्रेसर,अक्सिजनको मात्रा,पल्सको दर हेर्ने उपयोगी हुने भाइटल मोनिटर जडान लगायत अन्य औषधी र उपकरण व्यवस्था मिलाईनेछ ।

**३) खानेपानी,सरसफाई तथा फोहोरमैला व्यवस्थापनः-**

- पोखरी,तालतलैया,धार्मिक स्थल,खानेपानीका मुहान,खुल्ला क्षेत्र,सडक,टोल तथा अन्य सार्वजनिक स्थलको सरसफाई एवम व्यवस्थित गरिनेछ,
- फोहोरमैला व्यवस्थापन गर्नका लागि डम्पिङ साइडको लागि जमिन प्राप्त गरि वैज्ञानिक प्रशोधन शाला निर्माणको लागि संघ,प्रदेश तथा विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था सँग समन्वय गरिनेछ,
- गौरादह खानेपानीलाई गौरादह २ वर्लम भिट्टा हुदै कृष्णेखोला पूर्व गौरादह ९ सम्म विस्तार गरिनेछ,
- विपन्न तथा सिमान्तकृत वर्गका लागि मेयर-उपमेयर कार्यक्रम अन्तर्गत खानेपानीको मिटर र विद्युत मिटर खरिदमा अनुदानको व्यवस्था यसै वर्ष देखि अगाडि वढाईनेछ ।

<u>च) धर्म,संस्कृति</u>

- नगर क्षेत्रभित्र मठमन्दिर,ग्रामथान,महाराजथान,मस्जिद,गुम्बा,चर्च,घाट,समाधि स्थलहरुको उचित संरक्षण तथा सम्वर्द्धन गरिनेछ,
- जन स्तरबाट निर्माण भइरहेको सगिंत साधना प्रतिष्ठानलाई आवश्यक सहयोग गरिनेछ,
- लोपोन्मुख बाजागाजा,सांस्कृतिक परम्परा आदिको आवश्यक संरक्षण गरिनेछ,
- नगर क्षेत्र भित्र रहेका नानक चन्दबाबाको मन्दिर,जगदिश्वर शिवालय मन्दिर,कृष्ण प्रणामी, दुर्गामाता,राधाकृष्ण,शिव, सिंहदेवी, पाथीभरा मन्दिर,सिद्धेश्वर शिवालय, त्रिपुरेश्वर शिवालय, जानकेश्वरी शिवालय, हलेश्वरी शिवालय,पञ्चेश्वर गणेश,दुधाली महाराजथान,सन्थाल माझिथान लगायतका मठ मन्दिरहरु, गुम्बा, चर्च,मस्जिद लगायतका विभिन्न धर्मावलम्वीहरुको आस्थाका स्थानहरुलाई पर्यटीकय गन्तव्यका रुपमा विकसित गर्दै लगिनेछ,
- कला,साहित्य र सँस्कृति जगेर्णा गर्नका लागि स्थानीय तहमा प्रज्ञा प्रतिष्ठान गठन गर्ने,
- नगर भित्र भवन निर्माण तथा बस्ती विकास गर्दा मौलिक संस्कृति र नेपाली वास्तुकलालाई व्यवस्थित बनाउने नीति लिइनेछ,।

<u>छ) लक्षित वर्गको विकासः</u>

**१.महिला,वालवालिका तथा ज्येष्ठ नागरिकः**

- मेयर-उप मेयर स्वरोजगार कार्यक्रम अन्तर्गत सिप सिकौ रोजगार बनौ अभियान सञ्चालन गरिनेछ यस अभियानलाई क्रमशःकार्यान्वयनमा लैजान देहाय बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याईनेछ ,
- मेसिन,फर्निचर निर्माण,विद्युत वायरिङ,मोवाइल-एसी मर्मत,प्लम्बर,इन्भर्टर मर्मत,टेलिभिजन मर्मत,ड्राइभिङ तालिम लगायतका विधाहरुमा आधारभूत सिप मुलक तालिम सञ्चालन गरिनेछ,
- उद्यमी महिलाहरुका लागि प्रोत्साहन र प्रेरणामूलक कार्यक्रम सञ्चालन गरिनेछ,
- युवा,महिला,ज्येष्ठ नागरिक वालवालिकाका लागि कार्यविधि वनाई कार्यक्रम सञ्चालन गरिनेछ,
- सडक बालबालिकाको उचित पुनस्र्थापना गरी नगरलाई सडक बालबालिका बिहिन बनाइनेछ,
- असहाय,वेवारिसे र हिंसा पिडित महिलाहरुलाई सेफ हाउसको व्यवस्था गरिनेछ,
- महिला हिंसा,बलात्कार,यौन शोषण,वालविवाह,अनमेल विवाह,मानव वेचविखन तथा ओसारपसार आदिलाई प्रभावकारी रुपमा नियमन र अनुगमन गरि नियन्त्रण तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ,
- ज्येष्ठ नागरिकहरूको आवश्यकता वमोजिमको उपयुक्त स्वास्थ्य सेवा,हेरचाह र सहयोगको एकीकृत कार्यक्रम तर्जुमा गरि लागू गरिनेछ ।

**२.अपाङ्ग,अशक्त तथा असहायः**

- अपाङ्गहरुका लागि अपाङ्ग सपोर्ट सामाग्रीको व्यवस्था गरिनेछ,
- अपांगता भएका ब्यक्तिहरुको लागि सिप मूलक ब्यवसायीक तालिमको ब्यवस्था गरिनेछ,
- अपागंहरुको लागि स्वास्थ्य परिक्षणर परिचय पत्र वितरण वडा स्तरिय शिविर संचालन गरिनेछ,
- ग र घ वर्गका अपाङ्ग भएका व्यक्तिहरुलाई जम्मा एक पटक निःशूल्क स्वास्थ्य विमा कार्यक्रम यस वर्ष पनि निरन्तरता दिईनेछ ।

३.दलित,विपन्न,आदिवासी जनजाति,मधेसी,मुस्लिम,पिछडिएकाहरुको लागिः-

- दलित,सीमान्तकृत,विपन्नवर्ग,आदिवासी जनजाति,मधेशी,मुस्लीम पिछडावर्ग र महिलाहरुको सरकारी सेवामा पहुँच बृद्धि गर्न बिशेष कार्यक्रमहरु (लोकसेवा तयारी कक्षा आदि) सञ्चालन गरिनेछ,
- सिभिल ओभरसियर,अनमी,स्टाफ नर्स,जेटीए पशु र कृषि अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृति प्रदान गरिनेछ,
- विपन्न नागरिक कार्ड यसै वर्ष देखि लागु गरिनेछ,
- गौरादह नगरपालिका वडा नं.२मा जन्मिनु भएका ख्याति प्राप्त राष्ट्रिय कलाकार राष्ट्रिय स्तरमा गौरादहलाई परिचित गराउने सिताराम ताजपुरियालाई गौरादहको छोरा उपनामले सम्मान गरिनेछ ।

## छ) वातावरण तथा विपद् व्यवस्थापन:

- नयाँ भेरियन्ट सहितको कोरोना भाइरस रोग नियन्त्रण र रोकथामका लागि विपद् व्ययवस्थापन कोषलाई वृद्धि गरि खर्च गर्न आवश्यक व्यवस्था मिलाइनेछ,
- नयाँ भेरियन्ट सहितको कोरोना भाइरसको जोखिम न्यूनिकरण गर्न आवश्यक मेडिकल सामाग्री,पि.पि.ई.परीक्षण किट्स र अन्य सामाग्रीहरुको सहज आपूर्ति र उपलब्धताको व्यवस्था मिलाईनेछ,
- वातावरण अध्ययन प्रतिवेदनले औल्याएको स्थानबाट मात्रै नदि जन्य सामाग्री उत्खनन गर्ने गराउने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ
- नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद् बाट सर्वसाधारणको जिँउ ज्यान,सार्वजिनिक, निजी तथा व्यक्तिगत सम्पति प्राकृतिक एंव साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ । प्रकोप व्यवस्थापन कोष भित्र अलगै लेखा राखे गरी कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोष संचालन ल्याइनेछ । उक्त कोषबाट भएका खर्चहरु प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ,
- विभिन्न सञ्चारको माध्यम मार्फत विपद जोखिम न्यूनिकरण सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ,
- मापदण्ड विपरितका प्लास्टिकका झोला र वातावरणमा प्रतिकुल असर पार्ने सामाग्रीको प्रयोग नियमन/नियन्त्रण गरिनेछ,
- संघ,प्रदेश र स्थानीय तह बीच समन्वय गरी संविधान प्रदत्त वन,वातावरण र विपद् सम्बन्धि अधिकारको अभ्यासलाई सुरक्षित बनाइनेछ,
- वन,वातावरण र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन संस्थागत क्षमता बढाउने,जनशक्ति व्यवस्थापन,स्थानीय सहभागिता प्रवर्द्धन गरिनेछ,
- वस्ती अयोग्य स्थानमा बसोबास गर्ने घर परिवारको सुरक्षा र खेती योग्य जमिन संरक्षणको लागि भू-संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ,
- जलाधार संरक्षणको लागि प्राकृतिक पोखरी संरक्षण तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ,
- नगर विपद् व्यवस्थापन कोषको स्थापना गरी बिपद् मा परेका अति बिपन्न नगरवासीहरुलाई सम्म तत्काल राहत दिने व्यवस्था मिलाइनेछ,
- सामुदायिक भुस्याहा कुकुर नियन्त्रणका लागि सामूदायिक भूस्याहा कुकुर वन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- शहरी क्षेत्रका सडक किनारामा वृक्षारोपण गरिनेछ।

## ज) संस्थागत क्षमता विकास

- नेपालको संविधान तथा कानून बमोजिम स्थानीय तहबाट प्रवाह गरिने बिषयगत सेवालाई प्रभावकारी, जनमैत्री,जनउत्तरदायी, पारदर्शी ढङ्गबाट प्रवाह गर्ने र सो का लागि नगर मातहतमा रहेर सबै कर्मचारीहरुलाई आवश्यक सेवाकालिन तालिम प्रदान गरी दक्ष,सीपयुक्त,जनमैत्री,जनउत्तरदायी र जवाफदेही बनाउन प्रदेश प्रशिक्षण तालिम केन्द्र कलवलगुरी सँग लागत साझेदारी कार्यक्रम संचालन गरिनेछ,
- कार्यालयको कार्य जिम्मेवारी र दायित्वलाई मध्यनजर गरि कार्यालयको कार्य सम्पादन र सेवा प्रवाहलाई वैज्ञानिक र व्यवस्थित वनाउने हेतु तयार गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदनलाई यसै नगरसभामा स्वीकृतिका लागि पेश गरिनेछ,

- टोल विकास संस्थाहरुलाई व्यवस्थित ढङ्गले परिचालन गर्नका लागि मौजुदा नीति नियमलाई परिमार्जन गरि सहज सञ्चालनमा जोड दिइनेछ,
- लागूपदार्थ ओसारपसार प्रयोग, जुवातास तथा देहव्यपार जस्ता असामाजिक गतिविधिलाई शून्यमा झार्न आवश्यक नीति नियम निर्माण गरी कार्यान्वयन गरिनेछ,
- श्रम तथा रोजगारीको अवसरमा रहेको जातिय तथा लैङ्गिक समावेशी तथा समतामूलक समाजको निर्माण गर्ने र श्रम निरीक्षण प्रणाली मार्फत सबै प्रकारका श्रम शोषणको अन्त्य गरिनेछ,
- सबै वडा तथा शाखाबाट गरिने काम लाई मुख्य प्रशासनिक कार्यालय संग ईन्ट्रानेटबाट आवद्ध गरिनेछ,
- वित्तीय अनुशासन कायम गर्न शून्य पेस्की नीति लागू गरिनेछ,
- कार्यालयको काम,आएर मात्र होइन मन पराएर पनि गर्ने संस्कार वसाउन नगर कार्यपालिकाको कार्यालय,सबै वडा कार्यालय,सामुदायिक विद्यालय,स्वास्थ्य संस्थाहरु मध्येबाट एक आर्थिक वर्षमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने एक जना सर्वोत्कृष्ट र तिन जना उत्कृष्ट कर्मचारी-शिक्षक सम्मान गरिनेछ,
- नगरपालिका क्षेत्र भित्रका सबै वडा कार्यालय,सबै सामुदायिक विद्यालय, सबै स्वास्थ्य संस्थामा सूचना अधिकारी तोक्ने व्यवस्था मिलाईनेछ,
- समग्र नगरपालिकाका क्षेत्र भित्रका विकास निर्माण तथा सेवा प्रवाहको विषयलाई समेटेर अर्ध वार्षिक रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गरिने व्यवस्था मिलाइनेछ,
- विकास निर्माण र सेवा प्रवाहको विषयमा पूर्व जनप्रतिनिधीहरुले आफ्नो कार्याकालमा भोगेका महत्वपूर्ण कार्यानुभव समेटि उक्त अनुभवलाई स्थायी सम्पत्तिको रुपमा संस्थागत गर्न प्राप्त लेखहरु सम्पादन गरि कृति प्रकाशन गरिनेछ,
- नगरपालिकाको शान्ति सुरक्षा हेतु नगर प्रहरीको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ,
- नेपालको संविधानमा व्यवस्था भएको स्थानिय तहको सभा कार्यपालिका र वडा समितिको काम,कर्तव्य र अधिकार तथा स्थानिय तहको प्रमुख,उपप्रमुख वडा अध्यक्ष लगायत सबै जनप्रतिनिधीहरुको काम,कर्तव्य र अधिकारका विषयमा अभिमूखीकृत गरि नगरपालिक क्षेत्र भित्र कुशल स्थानिय नेतृत्व विकास गर्दै संवैधानिक उपलब्धिहरुको रक्षार्थ सबै वडा भित्रका क्रियाशिल राजनितिक दल,संघ संस्थामा आवद्ध यूवाहरुलाई लक्षित गरि नमुना नगरसभा नामक कार्यक्रम आयोजना गरिनेछ,
- स्थानिय एफ.एम.रेडियो बाट समेत सरोकारबालाको गुनासो एंव जिज्ञासा संवोधन गर्ने उदेश्यले प्रत्येक महिनाको एक दिन जनता सँग जनप्रतिनिधी रेडियो कार्यक्रम सञ्चालनमा ल्याईनेछ,
- वित्तीय सुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयबाट भएको आ.व.२०७६/०७७ सम्मको लेखा परीक्षण प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने,असुल उपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका वेरुजु फर्छ्यौट गर्न सम्बध पक्षलाई सूचित गरिने र तोकिएको समय अवधिमा वेरुजु फर्छ्यौट नगर्नेको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ,
- कर वृद्धि भन्दा करको दायरा विस्तार गर्ने नीति लिइनेछ,
- आर्थिक पारदर्शिताका लागि नगरपालिकामा भएका गरेका आर्थिक कारोबारहरु वेभसाइड मार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ,
- स्थानीय तहले कानून अनूसार प्राप्त गर्नुपर्ने कर,दस्तुर,सेवा शुल्क समयानुकुल वैज्ञानिक व्यवहारिक,नगरमैत्री तथा पारदर्शी बनाई नगरको समग्र आन्तरिक आयमा बृद्धि गरिनेछ,
- आर्थिक कारोबारलाई व्यवस्थित वनाउन आन्तरिक नियन्त्रण पद्दतिको व्यवस्था गरिनेछ। भ्रष्ट्रचार र अनियमितता विरुद्ध कडाइका साथ नियन्त्रण गरि पारदर्शिता, जवाफदेहिता,विधिको शासन आदिलाई सुदृढीकरण गर्दै यसका लागि व्यवहारमा अनुभुत हुने प्रकारको कार्यक्रमहरु संचालन गरिनेछ,
- प्रत्येक वडाहरुमा एक एक जना कम्प्युटर अपरेटरको व्यवस्था गरिनेछ,
- नगरपालिकाको सुशासन नीति तयार गरि लागू गरिनेछ,
- सेवाग्राहीलाई नम्र,सभ्य र सम्मानपूर्वक विना भेदभाव व्यवहार गर्न सेवा प्रदायकहरुलाई अभिप्रेरित गरिनेछ,
- सुशासन सम्बन्धी जनप्रनिधीहरु तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ,
- सामुदायिक प्रहरी सचेतना कार्यक्रम अगाडि वढाईनेछ ।

**झ) सामाजिक सुरक्षाः —**

- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी वनाउदै लगिनेछ,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न निवेदन दिएका लाभग्राहीहरुको समयमा नै वैंक खाता खोलि वैंक मार्फत सहज तरिकाले भुक्तानी दिने व्यवस्था मिलाइनेछ,
- सवै प्रकारका व्यक्तिगत घटना दर्ताको लागि सञ्चालनमा रहेको अनलाईन प्रणालीलाई थप व्यवस्थित वनाउदै घटना दर्ता गर्न छुट भएका नागरिकका लागि प्रत्येक वडामा दर्ता शिविर सञ्चालन गरिनेछ,
- लैंगीक समता र सामाजिक समावेशीकरण विरुद्धमा हुने कार्य प्रति शुन्य सहनसिलताको नीति लिइनेछ,
- वालवालिका,ज्येष्ठ नागरिक,विभिन्न अपाङ्गता भएका व्यक्तिलाई संरक्षण गरिनेछ,
- सवै हाटबजारहरुमा नाइट भिजन सि.सि.क्यामेरा र फ्रि वाइफाइको व्यवस्था गरिनेछ,
- भवन संहितामा अपांगता मैत्री,जेष्ठ नागरिकमैत्री र बालमैत्री संरचना निर्माणको प्रावधान राखिनेछ,
- नेपाली संस्कृति बमोजिम ज्येष्ठ नागरिकहरुलाई उनीहरुको परिवार मै सम्मानजनक बसोबास तथा स्याहार सुसार,सासु वुहारी,महिला पुरुष सम विकासका लागि आवश्यक जनचेतना तथा अभियानहरु सञ्चालन गरी बढ्दो बृद्धाश्रम संस्कृतिलाई निरुत्साहित गरिनेछ,
- नगर भित्र रहेका बेरोजगार,अर्ध बेरोजगार तथा अदृश्य बेरोजगारहरुको आवधिक तथ्याङ्क सङ्कलन गर्नुका साथै सिपमुलक तथा रोजगार मूलक तालिमका माध्यमबाट अर्ध बेरोजगारी तथा अदृश्य बेरोजगारीको समस्या समाधान गर्नका लागि बिशेष कार्यक्रम सञ्चालन गरिनेछ र श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय सँग आवश्यक समन्वय गरिनेछ ।

<u>ञ) न्यायिक समितिः</u>

- न्यायको पहुँचलाई प्रभावकारी बनाउन इजलाश तयार गर्नुका साथै मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित गरिनेछ,
- नगरपालिकाको न्यायिक समितिको कार्य सम्पादनलाई थप चुस्त दुरुस्त वनाउन आवश्यक स्रोत साधन र तालिमको व्यवस्थापन गरिनेछ,
- न्यायिक तथा कानूनी शिक्षाको सम्बन्धमा झापा जिल्ला अदालत वार एसोसियसन संग सहकार्य गरिने नीति रहनेछ ।

माननीय नगरसभा सदस्यज्यूहरु,
यस नगरपालिकाको माथि उल्लेख गरेका बार्षिक निति तथा कार्यक्रमलाई लक्ष्यहरु प्राप्ति गर्न, आधारशिला तयार गर्नका लागि नगरपालिका लाई आ.व.०७८\७९ का लागि प्राप्त हुन सक्ने स्रोत र साधनले मात्र यस नगरपालिकाको विकास र समवृद्धि लाई दिर्धकालीन रुपामा दिशा निर्देश गर्न सक्ने गौरादह पर्यटकिय पोखरी,गौरादह रंगशाला तथा गौरादह बस पार्क जस्ता आयोजनाहरुको पूर्वाधार निर्माणका लागि संघिय सरकार तथा प्रदेश सरकार संग स्रोत र साधन प्राप्तिका लागि केहिन केहि रकम समेत प्रस्ताव गर्नु पर्ने अवस्थालाई समेत दृष्टिगत गरि संघिय सरकार संग ४ करोड र प्रदेश सरकार संग २ करोड रकम थप शसर्त अनुदान माग गर्ने र स्रोतको प्रस्तावित सुनिश्चितता भएको जम्मा रकम रू ६५ करोड ८३ लाख २३ हजार ८ सय १० समेत गरि ७१ करोड ८३ लाख २३ हजार ८ सय १० को कूल बजेट प्रस्ताव गरेकोछु । जसमध्ये चालु खर्च तर्फ ३८ करोड ५७ लाख ४९ हजार ८ सय १० (५३.१२प्रतिशत) र पूजिगत खर्च तर्फ ३४ करोड ३२ लाख ७४ हजार (४६.८८ प्रतिशत) हुने अनुमान गरिएकोछ।यसै मध्ये स्रोतको सुनिश्चितता भएको शिर्षकबाट वडा कार्यलयहरुको लागि पूजिगत खर्चका लागि जम्मा ९ करोड ९४ लाख र चालु खर्च ३६ लाख सुनिश्चित गरिएकोछ ।
कूल प्रस्तवित बजेटको विस्तृत विवरण यसै नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम साथ पेश गरिने व्यहोरा समेत अनुरोध गर्दछु ।
अन्तमा,गौरादह नगरपालिकाको आ.व.०७८\७९ को बार्षिक नीति तथा कार्यक्रम यस सभामा स्विकृतका लागि पेश गरेकोछु ।

धन्यवाद !

प्रस्तुत कर्ताः-
रोहित कुमार शाह
नगर प्रमुख

मितिः- २०७८\०३\१०
गौरादह नगरकार्पालिकाको कार्यालय